# साकेला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ

पत्र सख्या : ०७९।०८०
च नं.

कोशी. प्रदेश नेपाल

मितिः २०८०/०२/०३

**गाईभैसीमा लाग्ने लम्पी स्किन डिजिज सम्बन्धि जानकारीमुलक सुचना !!!**

उपरोक्त सम्बन्धमा यस साकेला गाउँपालिकाको विभिन्न वडाहरुको गाईभैसीहरुमा भाईरसबाट लाग्ने लम्पी स्किन डिजिज (Lumpy Skin Disease) संग मिल्दोजुल्दो संकास्पद लक्षण देखा परेकोले यस रोगबाट आफ्नो पशुहरुलाई सुरक्षित राख्न सावधानी अपनाउनु हुन सबै पशुपालक कृषक तथा सरोकारवालाहरुमा अनुरोध गरिन्छ।



रोगका लक्षणहरुः

१. गाई भैसीमा ज्वरो सहित विभिन्न भागहरुमा गिर्खा तथा गाठागुठी देखिने र गाठागुठीहरुबाट पानी बग्ने र पाक्ने।
२. पशु छट्पटाउने र दुब्लाउदै जाने।
३. दुध उत्पादन करिव ८०% घट्ने।
४. गर्भ तुहिने र मृत्यु समेत हुन सक्ने।
५. शरिरका विभिन्न भागहरुमा पैसा जस्तो दागहरु देखा पर्ने।
६. आखावाट कचेरा निकाल्ने, सिगान बग्ने तथा फिज धेरै निकाल्ने र पशुहरुको वजन घट्दै जाने।
७. लिम्फनोडहरु सुनिने।

रोग सर्ने माध्यम

१. लामखुट्टे, भुसुना, झिँगा आदिको टिकाईबाट।
२. संक्रमित गाईभैसीको ओसारपोसार र लसपसबाट।

उपचार तथा रोकथामका उपायहरु

१.ठोस उपचारहरु नभएकोले लक्षण अनुसार उपचार गर्ने।
२.संक्रमित क्षेत्रबाट गाईभैसी ओसारपोसार नगर्ने।
३. लामखुट्टे, भुसुना, झिँगा आदिको नियन्त्रण गर्ने र गोठ वरपरको वातावरण सुख्खा र सफा राख्ने।
४. गोठ र मलखाद (भकारो) को दुरी कम्तिमा १० मिटर कायम राख्ने।
५. पशुहरुमा रोगको लक्षण देखिएमा रोगी पशुहरुलाई वथानबाट अलग्गै राख्ने व्यवस्था मिलाउने।
६. अनावश्यक व्यक्तिहरु गोठमा आवतजावत बन्द गर्ने।

माथि उल्लेखित लक्षणसंग मिल्दोजुल्दो रोग देखिएमा साकेला गाउँपालिका पशु सेवा शाखामा जानकारी गराउनुहुन सम्पुर्ण कृषकहरुमा अनुरोध छ। सम्पर्कको लागीः ९८६७८०८३११,९८४४५५४००२,९८४२९०५७२८,९७६२२१७९०८

महेश राई
प्रमुख प्रशासकीय अधिकृत

# लम्पी स्किन रोगबारे जानकारी

## परिचय

- यो रोग गाईभैंसीमा देखिन्छ।
- यो रोग मानिसहरुलाई सर्दैन।
- गर्मी मौसममा टोक्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना जस्ता किराहरूको संख्या बढी हुने तथा थप सक्रिय हुने हुनाले यस रोगको प्रकोप बढी देखिन्छ।
- दूध उत्पादनमा तीव्र गिरावट आउँदछ।
- प्रजनन समस्या आउने तथा गर्भपतन हुन सक्दछ।
- भैंसीको छालाको गुणस्तरमा ह्रास आउँदछ।
- वजन घट्ने र कहिलेकाहीं मृत्यु समेत हुन सक्दछ।
- गाईभैंसीहरूको ओसारपसार तथा व्यापारमा प्रतिबन्ध गर्नु पर्ने हुँदा थप आर्थिक नोक्सानी हुने गर्दछ।

## लक्षणहरू

संक्रमित गाईभैंसीले निम्न अनुसारका लक्षणहरू देखाउँदछन्

- उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा माथि), दाना पानी कम खाने र दूध उत्पादन घट्दछ।
- छालामा १-५ सेन्टिमिटरको साह्रो गोलो गिर्खाहरू (सामान्यतया सुरुमा टाउको र घाँटीमा) देखिन्छ। लामो रौं भएको गाईभैंसीमा गिर्खाहरू सजिले देखिदैनन। जिउ छाम्दा तथा पानीले भिजेको अवस्थामा मात्र पत्ता लगाउन सकिन्छ।
- सामान्य संक्रमणमा गिर्खाहरूको संख्या थोरै र गम्भीर संक्रमणहरूमा पूरै शरीर ढाक्ने गरी हुन सक्दछ।
- गिर्खाहरू केही समय पछि हराउन सक्छन् तर कहिलेकाहीं गिर्खाहरू फुटेर गहिरो घाउ भई किरा तथा झिंगाहरूले (औसा) घाउलाई थप जटिल बनाउन सक्दछन्।
- थुतुनो, ओठ, मुख र नाकभित्र घाउ देखिन्छन्।
- आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउछ।
- र्‍याल काढ्छ।
- लिम्फ नोडहरू सुन्निने हुन्छ।
- केही संक्रमित गाईभैंसीहरूले कुनै पनि लक्षण नदेखाउन सक्छन्।



शरीरभरि गिर्खा देखिएको गाई

## रोग सर्ने तरिका

- संक्रमित लामखुट्टे, टोक्ने झिंगा र किर्ना जस्ता किराहरूको टोकाइबाट,
- संक्रमित गाईवस्तुहरूको ओसारपसारबाट,
- सामुदायिक चरन क्षेत्र तथा दाना तथा पानी खाने ठाउँहरूबाट,
- प्राकृतिक वा कृत्रिम गर्भाधानबाट,
- पशु उपचार गर्ने क्रममा फरक गाईभैंसीहरूमा एउटै सुइको प्रयोगबाट,
- कहिलेकाहीं प्रत्यक्ष सम्पर्कबाट



भैंसीको शरीरभरि साना साना गिर्खाहरु देखिएको



पछाडिको भाग र थुन वरिपरि गिर्खा देखिएको

## उपचार

यो रोगको प्रभावकारी उपचार छैन। रोग लाग्न नदिनु नै उत्तम उपाय हो।

## रोगको शंका लागेमा के गर्ने ?

- रोगको प्रकोपको समयमा वा जोखिममा रहेका क्षेत्रमा पर्ने गाईभैंसीहरूको दैनिक निरीक्षण गर्नु पर्छ।
- पशुहरूलाई रोग लागेको शंका भएमा तुरुन्त प्राविधिक, स्थानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु सेवा विभाग र अन्तर्गतका निकायलाई जानकारी दिनुहोस।
- लम्पी स्किन रोग भएको अवस्थामा रोग देखिएको क्षेत्रबाट पशुहरूको ओसारपसार तुरुन्त रोक्नु पर्छ।

## फार्मको सुरक्षा कसरी गर्ने ?

१. खोप लगाएर- प्रभावकारी खोप लगाएको तीन हप्ता भित्रमा रोग विरुद्ध पूर्ण सुरक्षा प्राप्त हुन्छ।

- संक्रमित हुनु अघि नै गाईभैंसीलाई खोप लगाउनु पर्छ।
- खोपले कहिलेकाहीँ केही गाईभैंसीमा निम्न अनुसारका प्रतिक्रियाहरु देखाउन सक्छः
  - खोप लगाएको ठाउँमा हलुका सुन्निन्छ जुन १-२ हप्ता भित्रमा आफै हराएर जान्छ।
  - छोटो समयको लागि ज्वरो आउनुका साथै केही दिन दूध उत्पादन घट्न सक्दछ।
  - शरीर वा थुनमा साना गिर्खाहरु देखिन सक्छ जुन छिट्टै हराउँदछन्।

२. विश्वसनीय स्रोतहरुबाट गाईभैंसी खरिद गर्नुपर्दछ। गाईभैंसी खरिद गरी ल्याएमा २८ दिनसम्म बथानबाट अलग्गै राख्नपर्दछ। रोगको प्रकोपको समय रोग लागेको ठाउँबाट गाईभैंसी ल्याउनु हुँदैन।

३. गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरुबाट मुक्त राख्न सरसफाइमा ध्यान दिनु पर्दछ र आवश्यकता अनुसार उपयुक्त कीट विकर्षकको प्रयोग गर्नुपर्दछ।

४. गोठ वरिपरि पानी जम्न दिन हुँदैन।

५. फार्ममा जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्दछ।



गिर्खा फुटेपछिको घाउँ


*थप जानकारीका लागि*

**पशु सेवा विभाग,** हरिहरभवन

फोन नं: ०१-५५२१६१०, ०१-५५२५४७८, ०१-५५२२०५६

वेभ: www.dls.gov.np